# जोखिम वस्तीहरुको वर्तमान परिवेश
# बारेकोट गाउँपालिका
# जाजरकोट, कर्णाली

**कार्तिक, २०८१**

Funded by European Union Humanitarian Aid
People in Need
CSRC आत्मनिर्भर केन्द्र
Save the Children

## विषय सूची

१. पृष्ठभूमी ........ १
२. परिवेश विश्लेषण गर्नुको उद्देश्य ........ १
३. विश्लेषण गर्नका लागि अवलम्बन गरिएको तरिका ........ १
४. विश्लेषणका सिमाहरु ........ २
५. जानसांख्यिक विवरण ........ २
६. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण ........ ३
७. हावापानी तथा भूउपयोग ........ ३
८. बजार संगको पहुँच ........ ४
९. संकटासन्नता ........ ४
१०. जोखिममा रहेका समुदायहरुको अवस्था ........ ४
११. बारेकोट गाउँपालिकामा विगत को विपद्को अवस्था विश्लेषण ........ ५
१२. प्रकोपहरुको संभाव्य जोखिम विश्लेषण ........ १०
१३. जोखिम संचार र चेतना ........ १२
१४. पूर्वसूचना प्रणालीको अवस्था ........ १३
१५. पूर्वतयारी तथा पुर्वकार्य ........ १३
१६. जोखिमयुक्त समुदायमा रहेका औपचारिक/अनौपचारिक समूहहरुको अवस्था ........ १४
१७. समुदायमा पहिरोजन्य विपद्का घटनाहरु बढ्नुको मुख्य कारणहरु ........ १४

## चित्रहरुको सूची

चित्र १: बारेकोट गाउँपालिकाको वडागत विभाजन नक्सा ........ १
चित्र २: बारेकोट गाउँपालिकाको वडागत घरधुरी र जानसांख्यिक वितरण ........ २
चित्र ३: बारेकोट गाउँपालिकाको वर्तमान भूउपयोगको अवस्था ........ ३
चित्र ४: बारेकोट गाउँपालिकामा पहिरो जोखिमको अवस्था ........ ५

## तालिकाहरुको सूची

तालिका १: विगत १० वर्षमा बारेकोट गाउँपालिकामा भएको विपद् र क्षति ........ ६
तालिका २:बारेकोट गाउँपालिकाका जोखिम तथा सुरक्षित क्षेत्रहरु ........ १०
तालिका ३: बन्दोबस्ती सामग्रीहरुको उपलब्धता तथा भण्डारण ........ १३

## १. पृष्ठभूमी

बारेकोट गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत जाजरकोट जिल्लामा पर्दछ। कर्णाली प्रदेशको राजधानी सुर्खेत देखि १९२ कि.मि उत्तरमा रहेको यो गाउँपालिका उच्च पहाडी विशेषता भएको क्षेत्र हो। साविकका रामिडाँडा, नायकवाडा, सक्ला र रोकाया गाविस मिलेर बनेको यो गाउँपालिका महत्वपूर्ण पर्यटकीय संभावना बोकेको ऐतिहाँसिक बाह् (१२) वटा कोट (डाँडा वा थुम्का) : सिनाकोट, धौलकोट, रानाकोट, सुवाकोट, तलकोट, चिमकोट, रतनकोट, उनीकोट, दुनीकोट, लम्तीकोट, नयनकोट र चुत्रीकोटको नामबाट नामाकरण गरिएको हो। यस गाउँपालिकालाई ९ वटा वडाहरुमा विभाजन गरिएको छ। गाउँपालिकाको केन्द्र साविकको रोकाय गाविसको लिम्सामा अवस्थित छ। गाउँपालिकामा विभिन्न जातजाती, भाषाभाषी, धर्म संस्कृतिका मानिसहरुको बसोबास रहेको छ। बढी क्षत्रीहरुको बाहुल्यता रहेको छ।




*चित्र १: बारेकोट गाउँपालिकाको वडागत विभाजन नक्सा*

जम्मा ५७७.५ वर्ग कि.मि क्षेत्रफल रहेको यस पालिका समुन्द्र सतहदेखि करिब ६१० देखि ५४१२ मिटरसम्मको उचाइमा फैलिएको छ भने २८ डिग्री ५८ मिनेट उत्तरदेखि २९ डिग्री ०७ मिनेट उत्तरी अक्षांश र ८२ डिग्री ११ मिनेट पूर्वदेखि ८२ डिग्री ४१ मिनेट पूर्वी देशान्तर बीच फैलिएको छ। पूर्वमा डोल्पा जिल्लाको जगदुल्ला गाउँपालिका, मुड्केचुला गाउँपालिका र जाजरकोट जिल्लाको नलगाड नगरपालिका पर्दछन भने पश्चिममा जुम्ला जिल्लाको तातोपानी गाउँपालिका र जाजरकोट जिल्लाको कुशे गाउँपालिका पर्दछन। साथै, उत्तर तर्फ जुम्ला जिल्लाको गुठीचौर गाउँपालिका पर्दछ। दक्षिण तर्फ नलगाड नगरपालिका पर्दछ। राष्ट्रिय जनगणना २०७८ अनुसार घरधुरी संख्या ३८८७ र जम्मा जनसंख्या २२००५ रहेको छ।

भौगोलिक रुपमा अति विकट र दुर्गम भएतापनि बारेकोट गाउँपालिकाको पर्यटकीय, व्यवसायिक, वातावरणीय लगायतका विभिन्न बहुआयामिक पक्षहरुबाट महत्वपूर्ण पहिचान दिएको छ। अवलोकन भ्रमण र जडिबुटी संकलनका दृष्टिकोणबाट महत्वपूर्ण सम्भावनाका साथै ऐतिहासिक फाम खानी र जल सम्पदाले महत्वपूर्ण सम्भावना बोकेको छ।

## २. परिवेश विश्लेषण गर्नुको उद्देश्य

- परिवेश विष्लेषण गर्नुको प्रमुख उद्देश्य गाउँपालिका भित्र प्रकोपजन्य जोखिममा रहेका समुदाय र समुदायमा वसोवास गर्ने नागरीकहरुको जोखिमको अवस्था पहिचान गर्नु रहेको छ।

## ३. विश्लेषण गर्नका लागि अवलम्बन गरिएको तरिका

परिवेश विष्लेषण गर्नको लागी निम्नानुसारको विधी अवलम्वन गरीएको छ।


- पालिकाले र विपद् शाखाले राखेको विगतका विपद् सम्बन्धि घटनाहरुको तथ्याङ्क प्रतिवेदनको आधार
- पालीका स्तरमा अध्यक्ष,उपाध्यक्ष,प्रमुख प्रशासकिय अधिकृत,सुचना अधिकारी,अमिन,विपद फोकल पर्शन,कार्यपालिका सदस्य तथा विपद व्यवस्थापन समितिका पदाधिकारीहरुसंगको सामुहिक छलफल
- वडा कार्यालयमा जनप्रतिनिधी कर्मचारी तथा दल प्रतिनिधिहरु संग जोखिममा रहेका समुदायहरु पहिचान सम्वन्धि अनौपचारीक छलफल
- पहिचान भएका समुदायमा रहेका स्थानिय अगुवा जानकारहरुसंग छलफल र जानकारी संकलन

## ४. विश्लेषणका सिमाहरु

- परिवेश विष्लेषण गर्दा सम्वन्धित समुदायका सवै व्यक्तिहरु छलफलमा सहभागी गराउन नसक्नु।
- भूकम्प पछि गाउँपालिका र रेडक्रसले घरधुरी सर्वेक्षण गर्दा आधारभूत जानकारी संकलन नहुनु।

## ५. जानसांख्यिक विवरण

जनगणना २०७८ का अनुसार गाउँपालिकाको वडा नं. ४ मा सबैभन्दा धेरै घरधुरी संख्या (५८३) र जनसंख्या (३२६८) रहेको छ भने सबै भन्दा कम वडा नं. ६ मा २८६ घरधुरीमा १६८६ जनाको बसोबास रहेको छ। सबै वडामा परिवारको औसत आकार ५-७ को बिचमा रहँदा लैङ्गिक अनुपात सबैभन्दा कम वडा नं. ५ मा ९४.१४ र सबैभन्दा धेरै वडा नं. ९ मा ११०.८२ रहेको छ।




*चित्र २: बारेकोट गाउँपालिकाको वडागत घरधुरी र जानसांख्यिक वितरण*


### ६. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण

| वडा नं. | भुमिहीन दलित | भुमिहीन सुकुम्वासी | अव्यवस्थीत वसोवासी | कैफियत |
|---|---|---|---|---|
| १. | ३ | २ | १७३ | |
| २. | २ | ३ | १२५ | |
| ३. | ११४ | ३ | ३०५ | |
| ४. | ५० | ० | ३०० | |
| ५. | ३ | ० | ९६ | |
| ६. | ४ | २ | ४४ | |
| ७. | ० | ० | १२५ | |
| ८. | १ | ० | ४०० | |
| ९. | २ | १ | २१७ | |
| **जम्मा** | **१७९** | **११** | **१७८५** | १९७५ |

स्रोत – वडा कार्यालयहरुबाट प्राप्त जानकारी अनुसार।

### ७. हावापानी तथा भूउपयोग

समुन्द्र सतहदेखि करिब ६१० देखि ५४१२ मिटरसम्मको उचाइमा अवस्थित रहेको यस गाउँपालिका उह्चा पहाडी विशेषता बोकेको गाउँपालिका हो । यस ठाउँको हावापानी समशितोष्ण रहेको छ। यस गाउँपालिकाको अधिकांश भूभाग वन क्षेत्रले ढाकेको छ भने सबै भन्दा कम क्षेत्रफल व्यावसायीक क्षेत्रले ओगटेको छ। वन क्षेत्रले कुल क्षेत्रफलको ९० % भन्दा बढी ओगट्दा व्यावसायीक क्षेत्रले ०.०१% मात्र ओगटेको छ। आवासीय क्षेत्रले ०.४१% क्षेत्रफल ओगटेको छ भने कृषि क्षेत्रले ७.२६% क्षेत्रफल ओगट्दै दोस्रो ठूलो क्षेत्रफल भएको वर्गको रुपमा रहेको छ।




*चित्र ३: बारेकोट गाउँपालिकाको वर्तमान भूउपयोगको अवस्था*

### ८. बजार संगको पहुँच

यस गाउँपालिका क्षेत्रमा बजार क्षेत्र रहेको छैन । उच्च पहाडी क्षेत्रमा अवस्थित गाउँपालिका रहेकाले पालिका केन्द्र लिम्सा समेत ग्रामिण भेगमा अवस्थित छ । पालिका केन्द्रबाट करिब २३ किलोमिटर टाढा नलगाड नगरपालिकामा अवस्थित कालिमाटी बजार नै यस पालिकाको सबैभन्दा नजिक रहेको बजार हो, जहाँ सानो परिमाणमा आवश्यक विपद् व्यवस्थापनका सामाग्री पाउन सकिन्छ भने ठूलो परिमाणमा आवश्यक पर्दा ६५ किलोमिटर टाढा रहेको जिल्ला सदरमुकाम खलङ्गा, १९२ किलोमिटर टाढा रहेको प्रदेश राजधानी सुर्खेत वा २४५ किलोमिटर टाढा रहेको नेपालगन्ज बजार पुग्नुपर्ने अवस्था छ ।

### ९. संकटासन्नता


पालिकामा ठूलो संख्यामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरु रहेका छन् । पालिका भर कुल १९० भूमिहीन रहेका छन् । जोखिमयुक्त समुदायमा समेत त्यस्ता समुदायको उल्लेख्य बसोबास रहेको र त्यस्ता समुदायको विपद्को समयमा वैकल्पिक व्यवस्था गर्न स्थान नहुँदा सबैभन्दा संकटासन्न मध्ये पर्दछन । त्यसका अलावा १४ वर्ष मुनिका बालबालिकाको हिस्सा ३८.५% रहेकोले त्यस्ता उमेर समूहका बालबालिका पनि संकटासन्न रहेका छन् । जोखिममा रहेका अधिकांश समुदाय बयाल गाउँ, नौलो डिम्रेरी, भैलोखान, लुहादार लगायतको बस्तीहरुमा अधिकांश दलित समुदायको बसोबास रहेको छ, जो विपद्को समयमा थप जोखिममा पर्नेगरेका छन् ।

### १०. जोखिममा रहेका समुदायहरुको अवस्था

**बयाल गाउँ :** बारेकोट गाउँपालिकाको वडा नं. १ मा पहिरोको जोखिम क्षेत्रमा रहेको बयाल गाउँमा ९३ घरधुरी रहेका छन् । गाउँको पूर्वपट्टिको क्षेत्रबाट २०७३ साल देखि जान थालेको पहिरोका कारण यो बस्ती जोखिममा रहेको छ । गाउँको बिचबाट सडक खनिएको छ । गाउँ भन्दा माथि ढुङ्गा खसिरहने भिर ठूलै छ । जमिन पुरै भिरालो भएकोले रोड खन्नु भन्दा अगाडी बाटै ढुङ्ग खस्ने, बर्खामा बढी जोखिम भैरहने हुन्छ । ५० भन्दा बढी घरहरु भूकम्पबाट पूर्ण ध्वस्त भएका छन् । बाँकी घरहरु बस्न नमिल्ने गरी चर्किएका छन् । छाना झरेका, भत्केका छन् । त्यस्ता घरहरुमा बाँकी घरपरिवारहरु बसिरहेका अवस्था छ । उक्त समुदायमा ४ जना अपाङ्गता भएका व्यक्ति रहेका छन् । बस्तीमा नेपाली, सार्की, परियार, मतारा र क्षेत्री समुदायको बसोबास रहेको छ ।

**नौलो डिम्रेरी :** वारेकोट गाउपालिकाको वडा नं ७ स्याँलामा रहेको नौलो डिम्रेरी वस्तीमा जम्मा २६ घरधुरी रहेका छन् दलित समुदायको एकल वसोवास रहेको यस वस्तीको भु–वनोट कमजोर माटो र भिरालो रहेकोले पहिरोको उच्च जोखिममा रहेको छ । साना प्रकारका पहिरोहरु वर्षेनी जाने गरेको भएतापनी २०७३ र २०७८ सालमा गएका पहिरोले भने ठुलो क्षति पुर्याएको छ, जसबाट एउटा घर पुर्ण रुपमा भत्केको,१ जना घाईते,दुई गोरु र एक वटा गाई मरेका, पशु चौपायाहरु राख्ने गोठहरु पुरीएको र २० रोपनी खेतीयोग्य जमीनमा क्षती पुगेको छ ।

**भैलोखान :** बारेकोट गाउपालिकाको वडा नं. ५ मा अवस्थित भैलोखान वस्तीमा जम्मा ५६ घरधुरी रहेका छन् जसमा १ घरधुरी मात्र ठकुरी समुदायका छन भने बाँकी ५५ घरधुरी दलित समुदायको वसोवास रहेको छ। खोलाको नजिक,कमेरो कमजोर माटो ,ठाउ ठाउमा मुल फुट्नु र भिरालो जमिन नै पहिरोको मुख्य कारण हो। यस ठाउमा पनी वर्षेनी पहिरो छिटफुट रुपमा जाने गरेका भएपनि २०७७ सालमा गएको पहिरोका कारण केही चौपाया वस्तुको मृत्यु भएको थियो भने केही घरहरुमा क्षती समेत पुगेको थियो। गएको २०८१ को वर्षातमा पनी पहिरोका कारण एउटा गोरु मरेको थियो भने केही वस्तुभाउ राख्ने गोठ पुरीएका छन।



चित्र ४: बारेकोट गाउँपालिकामा पहिरो जोखिमको अवस्था

**लुहादारा:** वडा नं ९ रहेको लुहादारा वस्तीमा २०६५ सालमा आएको पहिरोका कारण ५ जना नागरीकहरु सक्त घाइते भएका थिए र ती घाइतेहरुको हेलिकप्टर मार्फत उद्वार तथा उपचारका लागी नेपालगंज लगिएको थियो। कमजोर माटो र भिरालो जमिनका कारण सा,लसालै पहिरो जाने र विपदका घटनाहरु घट्ने गरेका छन। दलित समुदायको मात्र एकल वसोवास रहेको यस वस्तीमा जम्मा ६५ घरधुरी रहेका छन्। यसपालीको वर्षामा पनी पहिरोका कारण केही घरलाई त्रिपालहरु वडा मार्फत उपलव्ध गरी अस्थायी स्थानान्तरण गरीएको थियो।

## ११. बारेकोट गाउँपालिकामा विगत को विपद्को अवस्था विश्लेषण

यस गाउँपालिकाको विद्यमान प्रमुख प्रकोपहरुमा भूकम्प, बाढी, पहिरो, महामारी, हावाहुरी, आगलागी, वन्यजन्तु आतङ्क, सुख्खा : खडेरी, हिमपात, चट्याङ, असिनापानी, किरा आतङ्क, सडक दुर्घटना जस्ता पर्दछन्। गाउँपालिकाको संङकटासन्नता तथा लेखाजोखा प्रतिवेदन २०७८ अनुसार बाढी पहिरोबाट यस क्षेत्रमा जनधनको सबै भन्दा बढी क्षति हुने गरेको छ। त्यसै गरी महामारी, हावाहुरी आगलागी, वन्यजन्तु आतङ्क खडेरी, असिना पानी हिमपात, कृषि बालीमा हुने रोग, सडक दुर्घटना, जस्ता प्रकोपहरुबाट पनि हरेक वर्ष जनधनको क्षति हुने गरेको छ। यस गाउँपालिकाको विपद्को अवस्था बिश्लेषण गर्दा सबैभन्दा बढी क्षति बाढीपहिरोले गरेको छ। जसको पुनरावृत्ति पनि उच्च रहेको छ। बाढीपहिरोले घरजग्गा डुवान गर्ने/भत्काउने, खेतीयोग्य जमिन तथा सामुदायिक वनको जमिन कटान/पटान गर्ने गरेको छ। २०८० साल कात्तिक १७ गते जाजजरकोट जिल्लाको रामीडाँडा केन्द्र विन्दु भएर गएको भूकम्पबाट मानवीय, आर्थिक तथा भौतिक क्षति धेरै भएको छ।

*तालिका १: विगत १० वर्षमा बारेकोट गाउँपालिकामा भएको विपद् र क्षति*

| साल | प्रकोपको विवरण | वडा नं | समुदायको नाम | मानवीय क्षति | खेतीयोग्य जमिनमा भएको क्षति | भौतिक क्षति | आर्थिक सामाजिक अवस्था | विपद् प्रतिकार्य तथा पुनर्लाभमा भएका कामहरु | अहिलेको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८१ | पहिरो | ६ | धुम | २ जनाको निधन<br>१ जन घाइते | | १ घर पूर्ण क्षति | | | | |
| २०८० | भूकम्प | सबै | सबै | १ जना गम्भीर घाइते | | १० सरकारी भवन र २ विद्यालय पूर्ण क्षति; ४२ विद्यालय भवन आंशिक क्षति; ७ खानेपानी आयोजना; ९ बालविकास केन्द्र उच्च जोखिममा; ५५८६ नीजि आवास क्षति | | पुनर्लाभका लागि कामहरु भैरहेका छन् । जस्तोः खानेपानी मर्मत, बाटोघाटो, लघुविद्युत मर्मत, सिंचाइका लागि बनेका कुलोहरु। | अस्थायी आवासमा बसिरहेका छन्। | |
| २०७८ | चट्याङ | १ | कोटिली | १ जना को निधन | | १ घरमा क्षति | | | | |
| २०७८ | आगलागी | ८ | लैखमकन | | | दत्त बहादुर खत्रीको १ घर क्षति | | | | |
| २०७८ | असिनापानी | ८ | साँघुतारा, सेपुखोला,गोल्खारा | | धानबालीमा नोक्सान गरेको | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७८ | वन्यजन्तु आक्रमण | ८ | छुतिपाल्ती, डाँडापाखा | भालुले आक्रमण गरी १ जना घाइते | अन्नबाली नष्ट गरेको | | | | | |
| २०७८ | पहिरो/बाढी | ३ | अल्यान गाग्रा, कठ्ठर, सिमवग्री, लाकुरीघाट, बेर्नाज्युला | १ जनाको मृत्यु | १० रोपनी जग्गा बगाएको, २ वटा पुल बगाएको, १५ रोपनी जग्गा कटान गरेको | | | | | |
| २०७७ | आगलागी | ४ | | | | ६ घर जलेको | | | | |
| २०७७ | असिना पानी | ७ | | | ४०० घरको अन्नबाली नष्ट गरेको | | | | | |
| २०७७ | बाढी/पहिरो | ६,८ | बुढागाउँ; रुम्शील; वन्डाला | २ जनाको मृत्यु | ९० रोपनी खेत बगाएको | १ घर पहिरोले पुरेको; ४ घर क्षति गरेको | | | | |
| २०७७<br>२०७५ | चट्याङ | ४<br>७ | | | | ३ दर्जन बढी चौपाया मरेको<br>१२० चौपाया मरेको | | | | |
| २०७६ | बाढी | ४ | सार्किगाउँ; ठिट्केखोला; धनखोला | १२ जनाको मृत्यु | ६० रोपनी खेतीयोग्य जमिन कटान गरेको | ८५ घरमा क्षति गरेको | | मन्त्री स्तरीय अनुगमन भएको शसत्र र नेपाली सेना खोज तथा उद्दारमा परीचालन आपतकालीन राहत वितरण तथा जनता आवास कार्यक्रम मार्फत | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | पुनर्स्थापना गरीएको | | |
| २०७६ | आगलागी | ९, ४ | नौफेरी, नलिकान्न, दमारा, फुलबारी, देरिगाउँ, खाम्लेख | | जंगल नष्ट | ५ घर जलेर नष्ट | | | | |
| २०७५ | आगलागी | १, ७ | कोटिली, बारेकौइराला | | राष्ट्रिय वन नष्ट | २ घर जलेको | | | | |
| २०७५ | हावाहुरी | १, ४, ७ | स्याँला | | | १ विद्यालय र ८ घरको छाना उडाएको | | | | |
| २०७४ | आगलागी | ९ | खारीगाउँ, काप्ती | | गाई गोरु र भैंसी जलेको | ६ वटा घर र १ गोठ जलेको | | | | |
| २०७४ | असिनापानी | २ | पाटन | | चौपाया क्षेती भएको | | | | | |
| २०७४; २०७२ | चट्याङ | ७; ४ | | १ जनाको मृत्यु | | १ घरमा क्षति पुगेको | | | | |
| २०७३ | बाढी | | सिमवग्री | | १० रोपनी जग्गा बगाएको | ५ घट्ट बगाएको | | | | |
| २०७२ | भूकम्प | सबै | सबै | | | १७२ घर चर्किएको | | | | |
| २०७२ | पहिरो; बाढी | ८ | गाग्रा; | | | लघु जलविद्युत्को कुलो बगाएको | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | रुमशिल, सेपुखोला | ; २ जना लाई खोलाले बगाएको | | | | | | |
| २०७१ | हावाहुरी | १,२, ९ | सक्ला, काप्री, वडा १/२ को सबै बस्ती | | १ गोरु क्षति, वडा १ र २ का सबै बस्तीमा मकैबाली नष्ट | २ विद्यालय र १२ घरको छाना उदाएको | | | | |
| २०७१ | बाढी | १, २, ९ | धौलाकोट, तलिआगर, छेरा, कोटिली, चोत्रीगोठ, खारीगाउँ | धौलाकोटमा २ जना बेपत्ता,५ जना घाइते; तलीआगरमा १ जना घाइते; | धौलाकोटमा २० रोपनी बारी मकै नष्ट; तलीआगरमा १० रोपनी धान खेत,४० रोपनी मकै नष्ट; माथिआगरमा २० रोपनी मकै,१० रोपनी धानखेतको बाली नष्ट गरेको; कोटिलीमा ४ वटा गोरु र २० रोपनी मकै १० धानखेत बगाएको; सिर्पाचौरमा १० रोपनी मकै बारी बगाएको | धौलाकोटमा ३ वटा घर भत्कीएको,२ वटा गोरु मरेको,४ वटा घट्ट,१ काठेपुल बगाएको; तलीआगरमा ४ वटा काठे पुल र ६ वटा घट्ट बगाएको; छेरा खोलामा ४ वटा पसल बगाएको; कोटिलीमा १ काठेपुल,१ घर,१ गोठ; चोत्रीगोठमा १ घर, ३ वटा घट्ट र चाकलीघाट खोलाको काठे पुल बगाएको; बलमाटामा १ घट्ट,१ घर र सक्लाका १८ घट्ट,२ घर पुरीएको, कान्तीको लहरे खोलाले ५ घट्ट बगाएको | | सुरक्षा निकाय राजनितिक दल रेडक्रस र अन्य सरोकार संघसंस्था सम्मिलित अनुगमन समीती बनाई स्थलगत भ्रमण गरी त्रीपाल खाद्यान्न र कपडा उपलब्ध गराएको। | | |

## १२. प्रकोपहरुको संभाव्य जोखिम विश्लेषण

पालिकाको भौगलिक अवस्था,विपदको सामना गर्ने क्षमता तथा जनचेतनाको कमीका कारण जनधनको क्षति हुने गरेको छ। प्राकृतिक कारणबाट हुने प्रकोपका घटनामा माननिय क्रियाकलापले ती घटनाको आवृत्ती र क्षतिको मात्रामा निरन्तर वृद्धि भइरहेको छ। यस सन्दर्भमा स्थानिय तहको सुचना संकलन गरी तथांक तथा सुचनाको विश्लेषणका आधारमा खासगरी भुकम्प,बाढी पहीरो,महामारी,जनावर आतङ्क,चट्याङबाट उच्च जोखिममा रहेका समुदाय/टोल तथा जोखिममा रहेका घरधुरी र जनसंख्याको पुर्वानुमान निम्नानुसार गरीएको छ।

*तालिका २:बारेकोट गाउँपालिकाका जोखिम तथा सुरक्षित क्षेत्रहरु*

| वडा नं | जोखिम युक्त वस्ती | सुरक्षित स्थान | सुरक्षित स्थान जान लाग्ने समय | कैफियत |
|---|---|---|---|---|
| 1. | वयाला | भिरालचौर | १५ मिनेट | |
| | कोटिली | रामीडाँडा | १० मिनेट | |
| | सिर्पाचौर (भूमे कुकुर मारे डाँरा) | सिर्पाचौर गाउँ | २० मिनेट | |
| | ओखलढुङ्गा | रामीडाँडाँ | २० मिनेट | |
| | धौलाकोट | गाउँमाथी लाग्ना | १५ मिनेट | |
| | तली आगर | माथी आगर | १० मिनेट | |
| 2. | सेरी | गेठेखारा सुगरखाला | २५ मिनेट | |
| | रोकायगाउँ गोलुमखोला | रोकायगाउँ गाउँ | १० मिनेट | |
| | अयर्ना देखि भैसामारे डाँडाबिसाउन | भैसामारे विद्यालय | २५ मिनेट | |
| | बीउरी देखि धारा ढुङ्गा | रोकायगाउँ गाउँ | १० मिनेट | |
| | लिम्सा भैसेखानी | लिम्सा गाउँ | ५ मिनेट | |
| 3. | पहाडा मुल्साम (गाउँ नाउली खुन) | दह | २० मिनेट | |
| | ३ नं वडा कार्यालय | बेर्ना | २० मिनेट | |

| | | | | |
|---|---|---|---|---|
| | रुम्शिल | बेर्ना | २५ मिनेट | |
| | भुरार, खारा, पुल्तिडाँडा | बुढागाउँ | २० मिनेट | |
| | पहाडा मुल्साम (गाउँ नाउली खुन) | दह | २० मिनेट | |
| 4. | बोहरा जिरी | एकिकृत वस्ती | २० मिनेट | |
| | सार्कीटोल | | २० मिनेट | |
| | मैना | तलकोट | २५ मिनेट | |
| | जम्क | दह | २५ मिनेट | |
| | धमालगाउँ | गोठगाउँ विद्यालय | २० मिनेट | |
| | तलगाउँ | गोठगाउँ विद्यालय | ३० मिनेट | |
| | तल्लोजिरी गाउँटोल | ठकुरी जिरी | २० मिनेट | |
| 5. | भैलोखाना | कोलडाँडा | ३० मिनेट | |
| | तोल्खाना | तलकोट | २० मिनेट | |
| | कालखोली | खम्मुडाँडा | २५ मिनेट | |
| | करुका | माथिल्लो करुका | ३० मिनेट | |
| | पाखा | खम्मुडाँडा | २० मिनेट | |
| | काउली | पिपलतरा | १० मिनेट | |
| | धोरा | गोठगाउँ विद्यालय | १५ मिनेट | |
| 6. | कर्कीज्यूला | विद्यालय | १० मिनेट | |
| | धुमा | पोखरा | ४५ मिनेट | |
| | ताँसी | घर्तिगाउँ | ३० मिनेट | |
| | सिम्खारा | देउराली प्रावि | १५ मिनेट | |
| 7. | तरबाँक बल्लेखारा दलित वस्ती | कोट झिन्चौर | २५ मिनेट | |

| | | | | |
|---|---|---|---|---|
| | तल्लो स्याँला, धोजेखोला डिम्रेरी, पातिहाल्न | गराग्लीचौर | ३० मिनेट | |
| | लुहाग पैरेटा | तीलचौर गराग्ली चौर | ३० मिनेट | |
| | सिमतार देखी कुना बगर | लुहात गाउँ | ४५ मिनेट | |
| 8. | छुतीपाल्ती, बण्डाला, कुरीखोला | बल्लेपाटा | ३० मिनेट | |
| | जुगेना | बल्लेपाटा | ४५ मिनेट | |
| | गोलखारा | सक्लाचौंर | १५ मिनेट | |
| 9. | रग्रेम | सक्लाचौंर | १० मिनेट | |
| | खारी | रोकायबारा र पूर्ण ज्योती विद्यालय | ३० मिनेट | |
| | लुहादार | सक्लाचौंर, गाउँ सक्ला | २० मिनेट | |
| | काप्ती | दामपाटा माथि काप्ति विद्यालय | २५ मिनेट | |

नोट : बारेकोट गाउँपालिकाको विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनका लागि बारेकोट गाउँपालिकाले जारी गरेका नीतिगत व्यवस्था तथा हालको बारेकोट को अवस्था २०२४ को प्रतिवेदन अनुसार।

## १३. जोखिम संचार र चेतना

यस विषयमा बारेकोट गाउँपालिकामा २०८० कार्तिक १७ को भूकम्प पछी मात्र नागरीकहरुको चेतनामा परीवर्तन आएको पाईएको छ। परम्परागत विधि र निर्माण सामाग्रीबाट बनेका संरचनाहरु भत्कीने संगसंगै धन जनको क्षती व्यहोर्नु पर्ने रहेछ भन्ने कुरा भोगेपछी संरचना निर्माणमा दक्ष प्राविधिकको परामर्श र आधुनिक प्रविधिमा निर्माण गर्नु पर्छ भन्ने चेतना जनमानसमा वृद्दी भएको छ। विशेष गरी २०८० को भुकम्प पछी सवभन्दा वढी निजि आवासहरु भत्कीएका वडा नं १ सिर्पाचौरका नागरीकहरु स्थानिय स्रोत साधनको प्रयोग गरी आफ्नै लगानिमा साना साना आवासहरु निर्माणमा सक्रिय छन। काठको प्रयोगलाई प्राथमिकतामा राखेका छन भने पहिला ठुला र अग्ला अग्ला घर निर्माणका लागी होडवाजि नै हुन्थ्यो भने भुकम्प पश्च्यात साना र होचा घर निर्माण मा जोड दिएको देखिन्छ। यस गाउँपालिकामा सरकारी

संरचनाहरु मध्ये ६ वटा विद्यालय भवन, एउटा इलाका प्रहरी कार्यालय, एउटा स्वास्थ्य संस्था र १० वटा निजि आवासहरु आरसिसि भएका छन भने अन्य सवै संरचनाहरु कच्ची नै छन ।

## १४. पूर्वसूचना प्रणालीको अवस्था

यस गाउँपालिकामा बाढीको पूर्वसूचना प्रणाली स्थापना गरिएको छैन । तर बन्दै गरेको नलगाड जलविद्युत आयोजनाले आपतकालिन कार्यसंचालन केन्द्रको जिल्ला, प्रदेश तथा राष्ट्रिय आपतकालिन कार्यसंचालन केन्द्रसँग सम्पर्क स्थापित गरी सूचना आदान प्रदान गर्ने गरेको छ । तल्लो तटिय क्षेत्रमा बस्ने समुदायले माथिल्लो तटिय क्षेत्रमा बस्ने समुदायबाट नदी सतह गेज रिडरलाई सिधै सम्पर्क गरी सुचना प्राप्त गर्ने गरिएको छ ।

## १५. पूर्वतयारी तथा पुर्वकार्य

यस भन्दा अगाडी पालिकाले पुर्व तयारी तथा पुर्वकार्य सम्वन्धी नितिगत योजनाहरु निर्माण गरे पनी कार्यान्वयन हुन नसकेको स्थिति थियो भने हाल आपतकालिन कार्यसंचालन केन्द्र स्थापना जस्तो महत्वपुर्ण कार्य सम्पन्नका लागी गाउँकार्यपालिकाबाट निर्णय भइ स्थापनाको संघारमा छ । बारेकोट वासीहरुमा अव निर्माण हुने निवासहरु भुकम्प प्रतिरोधी बनाउनु पर्छ भन्ने खालको सकारात्मक सोच जागेको पाइन्छ । स्थानिय स्तरमा उपलब्ध काठका कसनहरु वालको विचविचमा राखेर घरहरु निर्माण गर्ने गरेको भेटिएको छ । गाउँपालिकाले विपद प्रतिकार्यको लागि आवश्यक जनशक्तिको सूची तयार गरीरहेको अवस्था छ । परम्परागत रुपमा यसगाउपालिकाका नागरीकहरुले भिरालो तथ पहिरोको जोखिममा रहेका स्थानहरुमा भिमल, दुधिलो र खरी जस्ता डाले घाँसका विरुवाहरु वुक्षरोपन गर्ने गरेका थिए । घर निर्माण गर्दा एउटै तलामा २ देखि ३ वटा सम्म ठुलो काठ स्थानिय भाषामा भराईना राख्ने र एउटा भराईनोलाई ३/३ वटा काठका थाम वा ठेग दिने गर्थे जसले गर्दा भित्ताहरु भत्किएपनि मानविय क्षति कम हुने गरेको पाईन्थ्यो ।

पालिकाले मनसुनको समयमा मनसुनजन्य प्रकोप तथा अन्य प्रकोपहरुमा ततकाल उद्धार राहतका लागि भण्डारण गरेको सामाग्रीहरुको विवरण यस प्रकार रहेका छन् ।

*तालिका ३: बन्दोबस्ती सामग्रीहरुको उपलब्धता तथा भण्डारण*

| क्र.सं. | सामग्रीहरुको नाम | इकाई | परिमाण | क्र.सं. | सामग्रीहरुको नाम | इकाई | परिमाण |
|---|---|---|---|---|---|---|---|
| १. | First Aid Box | बक्स | १५ | १२. | Search Light | वटा | १२ |
| २. | बन्चरो | वटा | १८ | १३. | सब्बल | वटा | १० |
| ३. | कोदालो | वटा | १० | १४. | स्टेचर | वटा | २० |
| ४ | घंटी | वटा | १५ | १५. | स्प्रे मुभ | वटा | २० |
| ५. | घन | वटा | १० | १६ | क्रिप बेन्डेज | प्याक | २ |
| ६ | हाँसिया | वटा | १८ | १७. | पञ्जा | जोर | ५० |
| ७. | फरुवा | वटा | १२ | १८ | चामल मोटो | बोरा | १३० |
| ८. | गमबुट | जोर | ५० | १९. | दाल | केजी | २०० |
| ९. | डेक्ची | वटा | १ | २०. | नून (आयोडिन युक्त) | केजी | २०० |
| १० | कराई | वटा | १ | २१ | त्रिपाल | वटा | १५० |

| | | | |
|---|---|---|---|
| ११. | वाटा | वटा | १ |

**१६. जोखिमयुक्त समुदायमा रहेका औपचारिक/अनौपचारिक समूहहरुको अवस्था**

जोखिमयुक्त समुदायहरुमा कृषि तथा महिला समुह,आमा समुह तथा भरखरै गठन गरीएको टोल विकास संस्थाहरु जस्ता समुह तथा संस्थाहरु रहेका छन । यी समुह संस्थाहरुले विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापनका क्षत्रमा खासै काम नगरेको पाईन्छ ।

**१७. समुदायमा पहिरोजन्य विपद्का घटनाहरु बढ्नुको मुख्य कारणहरु**

मुख्य जलबायु परिवर्तनका कारणले गर्दा बदलिँदो जलवायुसँगै मानव स्वास्थ्य, जलस्रोत, कृषि वन साथै मानव निर्मित भौतिक पूर्वाधार, विकास निर्माण र दैनिक जनजीविकामा परिरहेको प्रभावले गर्दा समस्याहरु देखापरिरहेका छन् । बारेकोट गाउँपालिका पहाडी भूभाग भएकोले गाउँ बस्तिहरु छरिएर रहेका छन् । ती बस्तिहरु सम्म पुग्नको लागि अहिले प्राविधिकको परामर्श सरसल्लाह  विना नै रोड खन्ने काम गरिएको छ । जसले गर्दा वर्षाको समयमा ति स्थानमा पहिरो जानुका साथै मानिसहरुलाई ती खनिएका रोडबाट आवात जावत गर्न नै समस्या हुने गरेको छ । रोड खनिएको ठाउँको वर्षाको समयमा बग्ने भलको व्यवस्थापन गरिएको छैन माटोहरु जवरजस्ती छताछुल्ल रुपमा फालिएको छ । भलले जताततै बाट बग्ने र रोडमा खनिएको माटो सहित बग्ने हुदाँ गाउँ, बस्ति र खेतबारीमा क्षति पुराउँने गरेको छ । जलवायुजन्य जोखिम उच्च भएकोले समुदायमा अनुकूलन तथा उत्थानशील क्षमता अभिवृद्धि भैरहेको छैन । जनसंख्या वृद्दि संगै वनजंगल जथाभावि फाँडानी पनि विपदका घटना बढ्नुको अर्को कारण रहेको छ ।

जलवायुजन्य प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन गर्नको लागि सूचना प्रवाह, तथ्याङ्क र प्रमाणहरुको अध्ययन र विश्लेषणका आधारमा जोखिम पहिचान तथा नक्साङ्कन गरी जोखिम न्यूनीकरणका उपायहरु पहिचान गर्नुपर्ने हुन्छ । बारेकोट गाउँपालिकामा कृषि प्रणली पनि आकाशे पानीमा भर पर्दछ । अहिलेको अति वृष्ट्रि, अनावृष्टि, सुख्खा हुने हुदाँ कृषि उत्पादनमा समेत धेरै गिरावट आएको गाउँलेहरुले बताउँने गरेका छन् । जलबायु प्राकृतिक चक्रमा परिवर्तन देखिन थालेको छ ।

भूक्षय र बाढी पहिरोको कारण माटोको उर्वराशक्ति घट्न गई कृषि उत्पादनमा ह्रास आउन थालेको छ । जलबायु परिवर्तनका कारण वातावरणमा आएको परिर्वतन अनुसार अनुकूलन हुन नसक्दा धेरै रुखविरुवा तथा जीवजन्तु लोप भएको पाइन्छ । बन अतिक्रमण वन ढडेलो साथै नयाँ रोकको प्रकोपले थप विनाश हुने गरेको छ ।

**समुदायमा पहिरोजन्य विपद्का घटनाहरु बढ्नुको मुख्य कारणहरु तथा समस्याको मूल जड पत्ता लगाउन बृक्ष विश्लेषण गरी हेर्दा :**

जरा (कारण) : प्राविधिकहरुको परामर्श सल्लाह नलिईकनै मनपरी सडक खनिनु,पुर्खौदेखि वहिरहेको भलपानिलाई अन्यत्र लगाई छरप्रष्ट छताछुल्ल वेवारीसे छाड्दिनु,जङ्गलमा आगलागी हुनु र फाँडानी गर्नु,जलवायु परीवर्तन हुनु,मनपरी ढुङ्गा तथा माटोका खानिहरु संचालनमा ल्याउनु,अनावृष्टी अनावृष्टी तथा मनपरी भौतिक पुर्वाधारहरुको निर्माण गर्नु ।

काण्ड (असर) : पहिरो जानु, बाढी आउनु, कटान गर्नु,प्रतिकुल वातावरण सिर्जना हुनु तथा नयाँ नयाँ रोगहरुको जन्म भई महामारी रुप लिनु ।

हागा वा पात (प्रभाव) : मानवीय क्षति, मानिस घाइते हुने, विस्थापित हुने, खेती योग्य जमिन नोक्सान, बाटोघाटो तथा भौतिक पुर्वाधारमा क्षति, आर्थिक क्षति, साथै प्राकृतिक क्षति, अन्नबाली नोक्सान, संरचनामा क्षति पुग्ने, खाद्य संकट हुने, पानीको मुहान सूक्ने, बाटोघाटा अवरोध हुने ,स्वास्थ्य तथा शिक्षा सुविधा प्रवाहमा अवरोध र आवात जावत सुचना प्रवाहका माध्यमहरुमा अवरोध भई सुचना प्रवाहमा असर पर्ने ।

**<u>स्रोत सामग्रीहरु</u>**

**१. ऐन संग्रह — २०८१**

**२. गाउँ सभाको १९ औं अधिवेशन २०८१ बाट पारित नीति तथा योजनाहरु**

**३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८**